**जाडोको समयमा चीसोबाट बचौं**
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ वाक नगरौं,
- चीसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
epratekdaily.com




निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
epratekdaily.com

❖ वर्ष ३७ ❖ २०८० पुस ०५ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 21 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १११

## धोबिनी गापाको पाँच बिघा सार्वजनिक जगगा किर्ते सम्बन्धमा
# अदालतले माग गरेको मिसिल मालपोतले तीन वर्षपछि बुझायो

प्रस, वीरगंज, ४ पुस/

पर्साको धोबिनी गाउँपालिका–३ स्थित ऐलानी सार्वजनिक जगाको मिसिल भूमिसुधार तथा मालपोत कार्यालय, पर्साले तीन वर्षपछि पर्सा जिल्ला अदालतलाई बुधवार मात्र बुझाएको छ। सो एलानी जग्गा केही व्यक्तिले आफ्नो नाममा दर्ता गराएपछि स्थानीयले अदालतमा मुद्दा दर्ता गरेका थिए।



तस्वीरः फाइल

पर्सा जिल्ला अदालतले सोही बखतदेखि जग्गाको सक्कली फाइल माग गर्दै आएको थियो। तर भूमिसुधार तथा मालपोत कार्यालय, पर्साले विभिन्न बहाना बनाई फाइल बुझाएको थिएन। जसले गर्दा यो मुद्दाको किनारा लाग्न सकेको थिएन।

यो मुद्दामा ११ पटक पेसी चढेको थियो तर अस्ति पुस २ गते न्यायाधीश रुद्रमणि गिरीको एकल इजलासले मुद्दासम्बन्धी माग गरिएको मिसिल सात दिनभित्र अदालतमा पेश गर्न अन्यथा दण्ड, जरिवाना हुने आशयको निर्णय गरेपछि भूमिसुधार तथा मालपोत कार्यालय, पर्साले अदालती आदेश भएको दुई दिन नबित्दै माग गरिएको मिसिल पर्सा जिल्ला अदालतमा पठाएको हो।

धोबिनी गाउँपालिका–३ मा रहेको करीब पाँच बिघा सार्वजनिक ऐलानी जग्गा कालिकामाई गापा–१ मुर्ली निवासी असर्फी ठाकुर लोहारले २०७२/८/२५ गते आफ्नो नाउँमा दर्ता गराएको वडाध्यक्ष राजकिशोर पटेलले बताए।

तत्कालीन हरिहरपुर गाविसस्थित सिकटा नदीको कित्ता नं ४०७ र ४२३ को जग्गा लोहारले आफ्नो नाउँमा दर्ता गरेपछि स्थानीयहरु सोही बेलादेखि मुद्दा लड्दै आएका छन्।

गाउँलेहरुले चन्दा सङ्कलन गर्दै आठ वर्षदेखि मुद्दा लड्दै आएका छन्। सोही बखत नक्कली कागजात र सरकारी सहीछाप किर्ते गरेको आरोप लागेका ठाकुरले भूमिसुधार तथा मालपोत कार्यालयबाट कागजात बेपत्ता पार्न

(बाँकी अन्तिम पातामा)

# वीरगंज महानगरले स्वयंसेवक शिक्षक पनि हटायो

प्रस, वीरगंज,४ पुस/

वीरगंज महानगरपालिका कार्यालयले गत साउनमा बहाल गरेको १५७ जना स्वयंसेवक शिक्षकलाई हटाएको छ।

प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले हिजो पुस ३ गते सूचना प्रकाशित गरी पुस १ गतेदेखि लागू हुनेगरी मावि तहका ३३ र निमावि तहका १२४ जना गरी १५७ जना स्वयंसेवक शिक्षकलाई अवकाश दिइएको जनाएका छन्।

हिजो महानगरको शिक्षा महाशाखाको बैठकले स्वयंसेवक शिक्षक पुस १ गतेदेखि लागू हुनेगरी हटाउने निर्णय गरेको र त्यसपछि प्रमुख प्रशासकीय अधिकृत भट्टराईले सूचना प्रकाशित गरेका थिए।

महानगरमा शिक्षक अभाव भएपछि नगरप्रमुख राजेशमान सिंहले शिक्षामा सुधारका लागि परीक्षा लिएर साउन महिनादेखि स्वयंसेवक शिक्षकहरू नियुक्त गरेका थिए। उनीहरूलाई महानगरपालिकाले मावि तहका शिक्षकलाई नासुले पाउने तलबको आधा र निमाविका शिक्षकलाई खरिदारले पाउने तलबको आधा पारिश्रमिक दिँदै आएको थियो।

महानगर स्रोतका अनुसार आर्थिक सङ्कटका कारण स्वयंसेवक शिक्षकहरूलाई हटाइएको हो। जबकि यसको पुष्टि महानगरले आधिकारिकरूपमा गरेको छैन। शिक्षा महाशाखाको बैठकको निर्णय जनाएर उनीहरूलाई अवकाश दिइएको भनिएको छ। यसअघि महानगरले नगरप्रहरी, कम्प्युटर अपरेटर, वारुणयन्त्र, चालक, चौकीदारलगायत दैनिक ज्यालादारीका करीब सात सयजनालाई एकैसाथ अवकाश दिएको थियो।

करको दायरा महानगरले घटाउँदै गएको, बेरुजु असुल नगर्दा विकास निर्माण कार्यका बजेटमा कटौती गरेको, सङ्घ र प्रदेशको अनुदानमा निकै कमी आएपछि महानगरपालिका आर्थिक सङ्कटमा परेको र यसबाट उन्मुक्तिका लागि अनावश्यकरूपमा बहाल गरिएका कर्मचारीहरू एकपछि अर्को गरी हटाउन थालेको महानगर कर्मचारी स्रोतले जनाएको छ।

# दुर्घटनामा बस र ट्रक चालकसहित तीनजनाको मृत्यु

प्रस, वीरगंज, ४ पुस/

जीतपुरसिमरा उपमहानगरपालिका–२२ स्थित तीन नम्बर पुलमा बुधवार बिहान दुई बजे यात्रुवाहक बस र ट्रक एकापसमा ठोक्किएर भएको दुर्घटनामा बस र ट्रकका चालकसहित तीनजनाको मृत्यु भएको छ।

काँकडभिट्टाबाट काठमाडौंतर्फ जाँदै गरेको बा ३–००१ ख २५८७ नम्बरको यात्रुवाहक बस र हेटौंडाबाट पथलैयातर्फ आउँदै गरेको ना.७ख ७३०० नम्बरको ट्रक एकापसमा ठोक्किएर दुर्घटना हुँदा बसका चालक तनहुँका २८ वर्षीय पूर्ण गुरुङ र ट्रक चालक हेटौंडा उपमहानगरपालिका निवासी ४० वर्षीय हरिशम्शेर सुयाल थापा र एकजना सनाखत नभएको पुरुष यात्रुको हेटौंडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, बाराका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताए।

दुर्घटनामा बसमा यात्रा गरिरहेका २७ जना यात्रु घाइते भएका छन्। घाइतेहरूको हेटौंडा अस्पताल र चितवनको पुरानो मेडिकल कलेज तथा अमलेखगंजको कार्की मेडिकलमा उपचार भइरहेको उनले बताए।

घाइते हुनेहरूमा सुनसरीका खिलराज दुलाल, सुरेन्द्र गौतम, उनकी पत्नी सम्झना गजुरेल, १२ वर्षीया छोरी सोराय गौतम, तीन वर्षीय छोरा स्वर्णीम गौतम, बसका सहचालक झापाका नगेन्द्र उप्रेतीको अवस्था गम्भीर छ।

दुर्घटनामा झापा, दमक, सुनसरी र भारतीय नागरिकहरू गरी २७ जना घाइते भएका छन्।

दुर्घटनाबारे जानकारी प्राप्त भएलगत्तै इलाका प्रहरी कार्यालय, अमलेखगंज र इलाका प्रहरी कार्यालय, सिमराको टोली पुगेर घाइतेको उद्धार गरेका थिए।

यसैगरी, आज दिउँसो निजगढ नपा–२ सिंगोलस्थित राजमार्गमा मोटरसाइकल दुर्घटनामा दुईजनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन्।

सूचना अधिकारी न्यौपानेले निजगढबाट उदयपुर जाँदै गरेको मोटरसाइकल र रौतहटबाट निजगढतर्फ आउँदै गरेको मोटरसाइकल एकापसमा जुध्दा दुवैजना चालकको मृत्यु भएको उनले बताए।

उदयपुर नपा–२ का चन्द्रदीप लामा र रौतहट चन्द्रपुर नपा–३ पौराई निवासी बुद्धबहादुर बलको सामुदायिक प्रसुति अस्पताल, निजगढमा उपचारको क्रममा मृत्यु भएको हो।

मोटरसाइकलको पछाडि सवार चन्द्रपुर नपा निवासी ३५ वर्षीय बाबुराम सुनार घाइते भएका सूचना अधिकारी न्यौपानेले जनाएका छन्।

# मुख्यमन्त्रीद्वारा आश्रम भवनको शिलान्यास

प्रस, निजगढ, ४ पुस/

करीब तीन करोड रुपैयाँको लागतमा निर्माण सम्पन्न हुने आश्रम भवन निर्माणको लागि मधेस प्रदेशका मुख्यमन्त्री सरोज यादवले बुधवार शिलान्यास गरेका छन्।


तस्वीरः प्रतीक

गत मङ्सिर २७ गते सो कार्यक्रम रहे पनि मुख्यमन्त्री यादव उपस्थित हुन नसकेपछि आज शिलान्यास गरिएको हो। निजगढमा यही मङ्सिर २७ गतेदेखि श्रीमद्भागवत राष्ट्र शान्ति सप्ताह ज्ञान महायज्ञ भइरहेको छ।

नेपाल मानव धर्म सेवा समितिको देशभरका शाखाले नौ वर्ष अघिदेखि देउसीभैलो खेलेर सङ्कलित गरेको करीब ९० लाख रुपैयाँबाट निजगढ नगरपालिका–९ मा चार कट्ठा जमीन खरीद गरी अहिले सो जमीनमा आश्रमको लागि भवन निर्माण गर्न ज्ञान महायज्ञ सञ्चालन गरिएको महायज्ञ मूल समारोह समिति निजगढका अध्यक्ष अम्बिकाप्रसाद चौलागाईले बताए।

नियमित सत्सङ्ग, प्रवचन, योग, ध्यानको माध्यमद्वारा समाजमा आध्यात्मिकताको जागरण गराउने उद्देश्यले निजगढमा तीन तले

(बाँकी अन्तिम पातामा)

# नेपाल–भारत आर्थिक साझेदारी शिखर सम्मेलन सम्पन्न

प्रस, वीरगंज, ४ पुस/

वीरगंज उद्योग वाणिज्य सङ्घ र पिएचडी चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजको संयुक्त आयोजना र भारतीय महावाणिज्य दूतावास, वीरगंजको सहकार्यमा नेपाल–भारत आर्थिक साझेदारी शिखर सम्मेलन–२०२३ को दोस्रो संस्करण बुधवार वीरगंजमा सम्पन्न भएको छ।

सम्मेलनमा वीउवासङ्घका अध्यक्ष अनिल अग्रवालले नेपाल–भारतबीचका बहुआयामिक सम्बन्धबारेमा चर्चा गर्दै दुईपक्षीय व्यापार विस्तारका लागि दुवै देशका सरकारको भूमिका आवश्यक रहेको र सीमावर्ती क्षेत्रमा आइरहने कठिनाइहरुको समाधानका लागि स्थानीयस्तरबाट पहल गरिनुपर्ने बताए।

उनले सुविधासम्पन्न क्वारेन्टाइन तथा खाद्य प्रयोगशाला, डिस्प्युट सेलको स्थापना गर्नुपर्ने, तेस्रो मुलुकका पार्टपुर्जा, ससाना मेसिनरी तथा जीवनोपयोगी औषधिहरू भारतबाट समेत आयात गर्न पाउने व्यवस्था हुनुपर्ने, नेपाली सवारीसाधनलाई भारतमा सहज प्रवेशको व्यवस्थालगायतका विषयबारे चर्चा गरेका थिए।

सम्मेलनका प्रमुख अतिथि भारतीय महावाणिज्य दूतावास, वीरगंजका महावाणिज्यदूत देवीसहाय मीणाले भारत र नेपालबीचको व्यापार विस्तारको लागि भारतले सहयोग गर्दै आएको र आगामी दिनमा समेत सहयोग गर्ने बताए।



तस्वीरः सौजन्य

उनले भारत र नेपालबीचका जुनसुकै व्यापारिक अवरोधलाई हटाउन महावाणिज्य दूतावास सदैव तयार रहेको बताए।

पिएचडी चेम्बर भारत–नेपाल सेन्टरका सचिव तथा कार्यक्रमका संयोजक अतुलकुमार ठाकुरले भारत–नेपालबीचको व्यापारिक सम्बन्ध विस्तारको लागि पिएचडी चेम्बरको भूमिकाबारे चर्चा गर्दै दुवै देशबीच व्यापारिक सम्बन्ध सुमधुर भएमा मात्र आर्थिक उन्नति हुने बताए।

नेपाल–भारतबीचका व्यापारिक सम्बन्ध, अवरोध र समस्या समाधानलगायतका विषयमा भारतका लागि नेपालका पूर्वराजदूत लोकराज बराल, निम्बस ग्रुफ अफ इन्डस्ट्रिजका अध्यक्ष जगदीशप्रसाद अग्रवाल, युनिलिभर नेपालका कारखाना प्रबन्धक सञ्जय भट्टाचार्य, ऊर्जा वर्ल्डका संस्थापक प्रमुख कार्यकारी अधिकृत दीपक रौनियार, इन्टरस्टेट मल्टिमोडल ट्रान्सपोर्टका कार्यकारी निर्देशक विकास रौनियार, सीमा जागरण मञ्च बिहार राज्य संयोजक महेशकुमार अग्रवाल, नेपाल–भारत सहयोग मञ्चका अध्यक्ष अशोककुमार बैद, नेपाल राष्ट्र बैंककी उपनिर्देशक रचना पराजुली, नर्थ–साउथ क्लेक्टिभ्सका कार्यकारी निर्देशक राकेशकुमार मिश्र, मधेस प्रदेशका प्रदेश नीति तथा योजना आयोगका सदस्य डा सोहनप्रसाद साह, नेपाल–भारत उद्योग वाणिज्य सङ्घका उद्योग तथा निर्यात प्रबन्धक समितिका सभापति कुणाल क्याल, नेपाल–भारत उद्योग वाणिज्य सङ्घ वीरगंज चेप्टरका अध्यक्ष अभिषेक चौधरी, वीरगंज उद्योग वाणिज्य सङ्घका सहसचिव नीरज अग्रवाललगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले धन्यवाद व्यक्त गरेका थिए।

**विचारसार एवं सूक्तिहरू**

**केही यस्तो सम्बन्ध हुन्छ, जसको मूल्य हुँदैन तर महत्त्व धेरै हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# आरक्षण

**समाजका महत्त्वपूर्ण स्थानहरूमा विभेदमा पारिएका वा न्यून प्रतिनिधित्व भएका समुदाय, जातिलाई राज्यको मूलप्रवाहमा ल्याउने उपाय समावेशिता हो। आरक्षण सामाजिक समावेशीकरण वा सकारात्मक विभेदको एउटा अंश हो। राज्य तथा समाजको संरचनागतरूपमा पछाडि पारिएका वर्ग/समुदायलाई अन्य सरह राष्ट्रको मूलधारमा ल्याउन केही समयका लागि अपनाइने प्रणाली आरक्षण हो। अतः राज्यका हरेक निकायमा समानता सुनिश्चित गर्न पछाडि पारिएका वर्ग वा समूहलाई मात्र अवसर वा सुविधा प्रदान गर्न गरिएको प्रबन्ध नै आरक्षण हो। आरक्षणबारे विश्वका धेरै विज्ञहरूले बताएका छन् । सकारात्मक विभेद वा आरक्षण समूहकेन्द्रित सामाजिक नीति हो, जसले खास समुदायको उत्पीडनको अवस्था सम्बोधन गर्न सहयोग गर्छ। यो ऐतिहासिकरूपमा अन्यायमा परेका समूहलाई क्षतिपूर्ति दिँदै समानता दिलाउने एउटा उपाय हो भन्ने केही विज्ञहरूको मत छ भने भने विगतमा भएका अन्याय सुधार्ने कार्यक्रम हो, जसले असमानता अन्त्य गर्न सहयोग गर्छ भन्ने मत पनि छ। विज्ञहरूले जति व्याख्या, विश्लेषण वा परिभाषा दिए पनि त्यसको सार भने एकै हो । आरक्षण भनेको सकारात्मक विभेद हो । आरक्षणले समाजका सबै समूहलाई समान अवसर प्रदान गर्दैन । यसले त विशेषगरी विगत तथा वर्तमानमा बहिष्करणमा परेका समुदायलाई मात्रै सशक्तीकरण गरी राज्यको मूलधारमा ल्याउने प्रयास गर्छ। यसमा सकारात्मक पक्षपात हुने भएकोले 'सकारात्मक विभेद' भनिएको हो ।**

**हाम्रो मुलुकमा २०६४ सालदेखि सरकारी सेवामा आरक्षणसम्बन्धी व्यवस्था शुरू भएको हो । 'नेपाल' राज्य निर्माणकालदेखि नै यहाँ अघोषित केही उच्च भनिएकाहरूको जातीय प्रभुत्व छ । जातीय संरचनाको उच्च स्थानमा रहेका र विगत तथा वर्तमानमा जात, भाषा, क्षेत्रका आधारमा विभेदमा नपरेका समुदायले आरक्षण खोज्नु अत्यन्तै अशोभनीय कुरा हो ।**

**आरक्षणका विषयमा नेपाली समाज अहिले द्विविधामा छ। एक पक्ष आरक्षणबारे पहिलेदेखि नै विरोधमा थियो । अहिलेसम्मको अभ्यासमा आइपुग्दा आरक्षणका पक्षधरहरू पनि विभाजित बनेका छन् । आरक्षण पाउनुपर्ने वर्गका पनि केही उच्च, टाठाबाटाले मात्रै आरक्षणको फाइदा उठाए, सीमान्तकृत वर्गभित्रकै हुनेखाने चतुर व्यक्तिले आरक्षणको दुरुपयोग गरे भन्ने गुनासो छ । यसलाई रोक्न आरक्षित जाति तथा समुदायभित्र सम्पन्न, विपन्न वर्गीयस्तर निर्धारण गरिनुपर्ने मत एकातर्फ छ भने एकपटक आरक्षणको उपयोग गरिसकेको व्यक्तिलाई दोहोऱ्याएर आरक्षण दिन नहुने तर्क पनि जबरजस्त छ । यसैगरी, मधेस तथा आदिवासीको मुद्दा केन्द्रित दल जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले केही दिन पहिले मात्रै शैक्षिक र आर्थिक स्तरको आधारमा आरक्षणको मापदण्ड तोकिनुपर्ने अभिव्यक्ति दिए। देशमा समावेशीकरण र आरक्षणको मापदण्ड तथा यसको उपभोग त्रुटिपूर्ण रहेको टिप्पणी गर्दै उनले हालको मापदण्डलाई परिमार्जन गर्नुपर्ने तर्क राखे । यतिबेला समावेशी आयोगले पिछडा वर्गको नयाँ परिभाषा र मापदण्ड तय गर्न सुझाव सङ्कलनका गरिरहेको छ । १६ वर्ष पहिले निर्माण गरिएको [redacted] हिलेसम्म एकपटक पनि संशोधन [redacted] याँ नीति तथा कानूनलाई प्रयोगमा [redacted] जोरीलाई सुधार्दै जतिसक्दो छिटो [redacted] क बनाउनेतर्फ सरकारले सोच्नुपर्ने [redacted] नि वास्तविक लोकतन्त्रको अनुभूति [redacted]**

# कमाइको परिभाषा र सीमा

**स्वतन्त्र विचार**



**सञ्जय साह मित्र**

mitrasanjay41@gmail.com

**व्यक्तिको शिक्षा, दीक्षा, सोच वा दृष्टिकोण आदिको आधारमा कमाइको अर्थ र परिभाषा तथा यसको सीमा र क्षेत्र निर्धारण हुने हुन्छ । यद्यपि सबैभन्दा उत्तम कमाइ त्यही हो जसबाट सन्तुष्टि प्राप्त हुन्छ र पछिसम्म उदाहरणको लागि नाम चलिरहन्छ ।**

एकजना पत्रकार साथी भन्दै थिए – मैले पैसा धेरै कमाउन सकिनँ, मानिस चाहिं कमाएँ। मेरो पोर्टफोलियो त माथि पुग्यो तर अरू साथीको तुलनामा आर्थिक आम्दानी गर्न सकिनँ। म यसरी नै सन्तुष्ट छु ।

कमाइको परिभाषा केवल धन कमाउनु होइन। अधिकांश मानिसले धन आर्जन वा सङ्ग्रहलाई मात्र कमाइ मान्ने गरेका छन् । धन आर्जनलाई नै बढी महत्त्व दिने गरेका छन् । मानिसले धन कमाए सबै थोक पूरा हुने ठान्दछ भने त्यसलाई भ्रम मान्नेहरू पनि छन् । धनबाहेक बाँकी सबै भ्रम हो भन्नेहरू पनि छन्। धनमा जीवन र जीवनमा धन दुवै आवश्यक देख्नेहरू पनि छन् ।

हो, धन धेरै थोक हो तर सब थोक भने अवश्य होइन। लामो समय शिक्षण सेवामा बिताएका एकजना ज्येष्ठ नागरिक भन्छन् – स्वास्थ्य बिगारी–बिगारी धन कमाऊ र त्यही धनलाई फेरि स्वास्थ्यमा लगाऊ। अर्थात्, धन र स्वास्थ्यको ठूलो निकटता छ । धनले स्वास्थ्य कि स्वास्थ्यले धन ? फेरि जटिलता थपिन्छ। वास्तवमा स्वस्थ व्यक्तिले नै धन आर्जन गर्ने हो र यदि धन छैन भने अस्वस्थ भएको बेला अरू केही काम लाग्दैन । यसबाट यो पनि स्पष्ट हुन आउँछ कि स्वस्थ व्यक्तिले धन आर्जन गर्नुपर्छ । तर, ती अग्रज शिक्षकको भाव भने फरक कुन रूपमा रहेको छ कि उनी थप्छन् – धनको पछाडि नकुदौं, स्वास्थ्यमा जोखिम पुग्नेगरी धन आर्जनका लागि अन्धो नबनौं। स्वस्थ रहिरहे एक समय आउँछ जब आवश्यकता र चाहना दुवै पूरा हुन थाल्छ।

आवश्यकता र चाहना पनि फरक कुरा हुन् । चाहना हुँदैमा जे पनि गर्न पाइन्न र जसकसैलाई पनि जस्तोसुकै कुराको चाहना पनि हुँदैन। हो, चाहनाको पनि सीमा हुन्छ। कोही कसैले कुनै चाहना गर्ने आधार वा पूर्वाधार उसको हैसियतमा निर्भर हुन्छ। हैसियतविनाको चाहनालाई कल्पना भन्न सकिन्छ। कल्पनाको लड्डु घीउसित जति खाए पनि हुन्छ, यसै कारण भनिएको हुनुपर्छ–कल्पना गर्न कसैलाई कसैले रोक्दैन तर कल्पना आधारहीन छ भने त्यस्तो कल्पनाको कुनै मूल्य हुँदैन। मूल्यहीन कल्पना मात्र गर्नेले आफ्नो जीवनलाई कत्तिको सार्थक कामम लगाइरहेको होला ?

धनको कमाइ मात्र कमाइ हुने भए मानिस जुनसुकै उपायबाट धनमात्र कमाउन चाहन्थ्यो तर मानिसलाई धन चाहिन्छ र धनसँगै अन्य विभिन्न कुरा पनि चाहिन्छ । धनलाई सम्पत्ति पनि भनिन्छ तर धनभन्दा ठूलो सम्पत्ति मानिसको प्रतिष्ठा, मान र सम्मान पनि हो। अनि मानिसले धनले सम्मान किन्न पनि सक्छ वा समाजमा जो धेरै धनी छ, उसको सम्मान पनि धेरै हुन्छ । सामान्यरूपमा यो भनाइ सही देखिन्छ तर यो सतही हो। धनको सम्मान नहुने कुरा होइन, तर धनसँगै त्यस व्यक्तिको सम्मान हुन्छ, जो धनी छ। धनीसँगै यदि ऊ गुनी पनि छ भने सुनमा सुगन्ध थपिएजस्तो हुन्छ। धन छ तर मानिस अवगुणले भरिएको छ भने समाजमा खासै सम्मान हुँदैन। उसको अगाडि कम सम्पत्ति भएको मानिसको पनि सम्मान ठूलो हुन सक्छ।

धनको मूल्य ठूलो हो । अझै पनि धनकै लागि मानिस घर बाहिर गइरहेको छ कामको खोजीमा। धनी र सुखी हुने लोभमा मानिस भौंतारिइरहेको पाइन्छ। धनकै पछिपछि कुदेर मानिस यस्तो ठाउँमा पुग्दछ, जहाँबाट उसको उन्मुक्तिको कल्पना पनि मुश्किल हुन्छ। यद्यपि समाजले पहिलेदेखि मान्दै आएको सत्य के पनि हो भने मानिसलाई धनसँगै अनुभव, संस्कार, इज्जत, मान र प्रतिष्ठा तथा प्रेम अनि सम्बन्धको आवश्यकता पर्दछ र मानिसले यी सबै आफ्नै परिश्रम तथा व्यवहारले आर्जन गर्ने गर्दछ।

यस मामिलामा अलिक फरक धारणा छ शास्त्रहरूको । शास्त्रहरूमा कमाइलाई पुरुषार्थ भनिएको छ र पुरुषार्थसित जोडिन पुग्छ जीवनको लक्ष्य। जीवनको लक्ष्यमा त उही धर्म, अर्थ, काम र मोक्ष हो भन्ने कुरा स्पष्ट छ। फेरि यो पनि भनिएको पाइन्छ कि सामान्य मानिसका लागि यी चार पुरुषार्थ वा लक्ष्य हुनुपर्छ। विशेष मानिसका लागि यीमध्ये कतिपय नहुन पनि सक्छ। जस्तै कुनै साधुको लागि कामसित कुनै सरोकार नहुन सक्छ। धर्मले वा धर्मशास्त्रले दिने गरेका उदाहरणहरू खासै मान्नैपर्ने भन्ने पनि हुँदैन । कतिपयले यसलाई सोझै अस्वीकार गर्नुभन्दा पनि आजको परिवेशमा यिनको महत्त्व फरक किसिमले भइसकेको भनी बताउने गर्दछन् । तर अहिले पनि कमाइलाई केही हदसम्म धार्मिक भावना र केही हदसम्म व्यावहारिक प्रयोजनसमेत सटेर कतिपयले यसरी परिभाषित गर्ने गरेका छन् – वास्तविक कमाइ जीवनपश्चात् पनि साथ रहन्छ।

मानिसको मृत्यु भएपछि ऊसित जाने केही हुँदैन तर जीवनपश्चात् पनि साथमा कमाइ रहन्छ भन्नुको तात्पर्य यशसित हो। मानिसले धन आर्जन जति धेरै गरे पनि जबसम्म उसको शरीर रहन्छ, तबसम्म मात्र उसलाई धनको कारण मानिसले चिन्दछ तर यदि धनसँगै यशको कमाइ भएको छ भने त्यस यश वा कीर्तिको कारण वा माध्यमले दुनियाँले त्यस मानिसलाई पछिसम्म चिनिरहन्छ। पछिसम्म चिन्नेहरूले सम्मानका साथ नाम लिइरहन्छन्। जुन समाजमा मानिस बस्छ, सम्मान र यशको दायरा त्यहींसम्म सीमित हुन्छ भन्ने होइन। यसको दायरा समाजको घेरा नाघेर धेरै टाढासम्म पनि पुग्न सकेको हुन्छ। यस्ता धेरै मानिसको नाम हामीलाई थाहा छ, उसको कामसहित जो हाम्रो समाजका होइनन्। निकै टाढा वा परदेशका भए पनि तिनलाई मानिसले सजिलै चिन्दछन्। हो, वास्तविक कमाइ कतिपयले यसैलाई मान्ने गरेका छन् । भारतको प्रसिद्ध धार्मिक नगरी बनारस अर्थात् काशीमा रहेको काशी हिन्दू विश्वविद्यायमा महामना मदनमोहन मालवीयको प्रतिमा राखिएको छ। उक्त विश्वविद्यालय बनाउन उनले गरेको लगानीको कीर्तिले विश्वमा नै शिक्षाको ज्योति फैलाउन हुने गरेको प्रयत्नको विश्वभर प्रशंसा हुन्छ । वीरगंजमा नै केही यस्ता नामहरू छन् जो निरन्तर चर्चामा रहन्छन् आफ्ना कामले गर्दा । देशको हकमा पनि यही देखिन्छ कि केही मानिसको सम्मान उनको जीवनमा भन्दा देहान्तपछि बढी भइरहेको छ ।

ठगी गरेर, अरूलाई लुटेर, झूटो बोलेर तथा अन्य तरीकाबाट आर्जन गरिएको भौतिक सम्पत्तिलाई कथित सम्पत्ति मानिएको छ। कथित सम्पत्तिले सार्वजनिक ठाउँमा जहाँ सम्पत्तिको चर्चा हुन्छ, त्यहाँ अनुहार अँध्यारो बनाउँछ । अनुहार नै अँध्यारो बनाउने वा पुरुषार्थलाई कलङ्कित तुल्याउने धनले मानिसलाई केही दिएको हुन्छ त ? त्यो कुन सुख हो जो एक्लै ओछ्यानमा सुतेको बेला नरमपनाले घोच्दछ । जीवनलाई आनन्दमय बनाउनुपर्छ। आनन्दमय जीवन पनि ठूलो सुख हो वा आनन्दमय जीवन आफैंमा ठूलो आर्जन हो, सम्पत्तिभन्दा मूल्यवान हो । अमूल्य हो । जसलाई मूल्यसित तुलना गर्नु सबैको नजरमा अप्ठ्यारो हुन्छ। हो, कमाइ त त्यो पनि हो जो अरूलाई दिन सकिन्छ । उदाहरणको लागि कुनै शिक्षकलाई हेरौं, आफूले पढाएका शिष्य जब राम्रो प्रगति गर्दछ तब धेरै खुशी हुन्छ। अरूको खुशीमा प्रसन्न हुनु पनि मानव जीवनको लागि खुशीको कुरो हो, एक अर्थमा सुखी वा सन्तुष्ट जीवन बिताउने माध्यम हो, आर्जन हो ।

व्यक्तिको शिक्षा, दीक्षा, सोच वा दृष्टिकोण आदिको आधारमा कमाइको अर्थ र परिभाषा तथा यसको सीमा र क्षेत्र निर्धारण हुने हुन्छ। यद्यपि सबैभन्दा उत्तम कमाइ त्यही हो जसबाट सन्तुष्टि प्राप्त हुन्छ र पछिसम्म उदाहरणको लागि नाम चलिरहन्छ ।

# 'समयसीमाभित्रै जिम्मेवारी पूरा गर्न दृढ छौं'

काठमाडौं, ४ पुस/रासस

प्रधानसेनापति प्रभुराम शर्माले राष्ट्रिय गौरवका आयोजनामध्ये सबैभन्दा प्राथमिकता प्राप्त काठमाडौं–तराई/मधेस द्रुतमार्ग निर्धारित समयमैं पूरा गर्न नेपाली सेना दृढ रहेको बताएका छन् ।

प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिको बुधवारको बैठकमा उनले नेपाली जनताले निकै आशा र भरोसा गरेको सामरिक महत्त्व बोकेको द्रुतमार्ग आगामी २०८३ चैत मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्य निर्धारण गरी काम भइरहेको जानकारी दिए ।

प्रधानसेनापति शर्माले भने, "द्रुतमार्गको निर्माण नियम र कानूनको परिधिभित्र रही तयार गरिएको कार्ययोजनाअनुरूप नै पारदर्शी ढङ्गबाट काम भइरहेको छ। आर्थिक अनियमितता भएको छैन । झन्झटिला प्रक्रिया र कतिपय अव्यावहारिक कानूनले कामलाई द्रुत गतिमा अघि बढाउन बाधा पुऱ्याइरहेको छ ।"

द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) स्वीकृत र वातावरण अध्ययन मूल्याङ्कनमा भएको विलम्बजस्ता कार्यले समयमा कार्यसम्पादन गर्न बाधा पुगेको घटना सुनाउँदै उनले सरोकारवाला सबैको सहयोग र समन्वयमा निर्धारित समयमैं जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता जनाए ।

एक प्रश्नको जवाफमा प्रधानसेनापति शर्माले भने, "प्रजातान्त्रिक मुलुकको सेनाको प्रमुखको जिम्मेवारीमा छु ।




तस्वीरः रासस

सेनालाई गलत देखाउने तत्त्व अहिले पनि सक्रिय छ । सेनाले गलतलाई कहिल्यै ठीक भन्दैन । द्रुतमार्गकै कुरा गर्नुपर्दा अहिले कीरब रु १२ अर्ब सस्तोमा काम लगाइएको छ ।"

२०७४ वैशाख २१ गते सेनाले द्रुतमार्ग निर्माणको जिम्मेवारी लिएको थियो । सेनाको व्यवस्थापनमा अघि बढिरहेको द्रुतमार्गको लम्बाइ डिपिआरपछि ७० दशमलव ९७७ किमी कायम भएको छ । उक्त राजमार्गमा विशिष्ट प्रकारका सहित ८९ वटा पुल रहनेछन् भने दोहोरो प्रवेश भएका छवटा सुरुङमार्ग रहनेछन् । करीब रु दुई खर्ब १३ अर्बको लागत अनुमान गरिएको आयोजनाको हालसम्म वित्तीय प्रगति २९ दशमलव ४४ र भौतिक प्रगति ३२ दशमलव ६६ पुगेको छ। हालसम्म आयोजनामा करीब रु ५२ अर्ब खर्च भइसकेको सो अवसरमा जानकारी दिइयो।

आयोजनालाई निर्धारित समयसीमाभित्र पूरा गर्न सेनाले १३ भागमा विभाजन गरी ठेक्का प्रक्रिया अघि बढाएकामा सात स्थानमा अहिले धमाधम काम भइरहेको छ भने पाँच स्थानको ठेक्का प्रक्रिया अघि बढिरहेको छ। आयोजनाको प्रस्थान बिन्दुका लागि छनोट भएको खोकना क्षेत्रमा जग्गा विवादसम्बन्धी समस्या कायमै रहेपछि

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अतिक्रमित वन क्षेत्रमा वृक्षारोपण गर्न निर्देशन



कोल्हवीलगायत बाराका विभिन्न स्थानमा अतिक्रमण गरिएको वन क्षेत्र फिर्ता गर्न स्थलगत निरीक्षण गर्दै बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटा, डिएफओ विनोद सिंह, कोल्हवी नपाकी उपप्रमुख लक्ष्मीकुमारी चौधरी, जिल्ला सुरक्षा निकायका प्रमुखलगायतको टोली। तस्वीरः जीतलाल श्रेष्ठ

प्रस, निजगढ, ४ पुस/

बाराको वन क्षेत्रका विभिन्न स्थानमा अतिक्रमण गरी खेतीपाती हुँदै आइरहेको जमीनलाई खाली गराइ वृक्षारोपण गर्ने डिभिजन वन कार्यालय, बाराले जनाएको छ। जिल्ला वन सुरक्षा समन्वय समिति, बाराको कोल्हवीमा बुधवार बसेको बैठकले सो निर्णय गरेको डिवका, बाराका प्रवक्ता एवं वन अधिकृत जवाहरलालप्रसाद कुर्मीले जानकारी दिए।

बाराका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला वन सुरक्षा समन्वय समिति, बाराका प्रमुख नवराज सापकोटा, डिभिजन वन कार्यालय बाराका प्रमुख एवं डिएफओ विनोद सिंह, राष्ट्रिय अनुसन्धान कार्यालय, बाराका प्रमुख अभिनय सिंह, सशस्त्र प्रहरी बल, बाराका प्रमुख टोपबहादुर डाङ्गी, द्रुतमार्ग वृक्षारोपण निजगढका नेपाली सेनाका सेनानी, कोल्हवी नपाकी उपप्रमुख लक्ष्मीकुमारी चौधरी, वन अधिकृत जवाहरलालप्रसाद कुर्मी, वन अधिकृत ललन राउत, वन अधिकृत वीरेन्द्र यादवलगायतको टोलीले कोल्हवी नगरपालिका क्षेत्र र आसपासमा वर्षौंदेखि वन क्षेत्र अतिक्रमण गरी खेतीपाती लगाउँदै, माछापोखरी निर्माणलगायतका अतिक्रमित क्षेत्रको स्थलगत निरीक्षण एवं अनुगमन गरेका थिए।

"हामीले वन क्षेत्रको कति हेक्टर जमीन अतिक्रमण गरिएको छ भन्ने नापजाँच गरी लगभग यकीन गरिसकेका छौं। अब यसलाई अन्तिम रूप दिई कसले खनजोत गर्दै आइरहेको छ भन्ने पनि यकीन भइसकेको छ," डिएफओ सिंहले भने।

मुलुकको जस्तोसुकै परिस्थितिमा र कुनै पनि बहानामा वन क्षेत्रको जमीन अतिक्रमण गर्नु, खनजोत गर्नु, वन पैदावर हानिनोक्सानी गर्नु, कोही कसैलाई यस्ता कानूनविपरीत कार्यमा उक्साउनु, समावेश गर्नु/गराउनु कानून एवं वन ऐनविपरीत भएकोले यस्ता कार्यमा संलग्न जोकोही पनि कानूनी कारबाहीको भागीदार हुने डिएफओ सिंहले बताए।

सयौं हेक्टर वन क्षेत्र अतिक्रमण गरी खनजोत गरी बालीनाली लगाइएका छन्। अब यसलाई तारबार गरी बिरुवा रोपण चाँडै गर्ने तयारीका साथ अघि बढिसकेका छौं, वन अधिकृत कुर्मीले भने। कोल्हवीमा सयौं हेक्टर वन क्षेत्रको जमीन अतिक्रमण गरी खनजोत गर्दै आइरहेको विषयमा मधेस प्रदेश वन तथा वातावरण मन्त्रालय, सङ्घीय वन मन्त्रालयमा समेत वन कार्यालयले जानकारी पठाइसकिएको वन अधिकृत कुर्मीले भने।

अतिक्रमित वन क्षेत्रको स्थलगत निरीक्षण, अनुगमनपछि सो जमीन वन क्षेत्रमा फर्काइ वृक्षारोपण गर्न प्रजिअ सापकोटाले डिभिजन वन कार्यालय, बारालाई निर्देशन दिएका छन्।

स्थानीयले नै वनजङ्गलको संरक्षण गर्नुपर्नेमा केही टाठाबाठाहरूले वन क्षेत्र वर्षौंदेखि अतिक्रमण गरेका छन्।

अनुगमनमा इलाका प्रहरी कार्यालय कोल्हवी, सशस्त्र प्रहरी सुरक्षा बेस कोल्हवीका सुरक्षाकर्मी, सशस्त्र वनरक्षक, वनरक्षकसहित वन कर्मचारीहरूसमेत सहभागी थिए।

# सामाजिक सञ्जालसम्बन्धी कानुनको मुख्य आधार सामाजिक मूल्यमान्यता

काठमाडौं, ४ पुस/रासस

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सामाजिक सञ्जालको प्रयोगको न्यूनतम आधार नेपाली मूल्यमान्यता भएको स्पष्ट पारेकी छन्।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नेपालमा सामाजिक सञ्जालसम्बन्धी कानून तर्जुमा सम्बन्धमा सरोकारवालासँग बुधवार गरेको अन्तर्क्रियामा मन्त्री शर्माले सामाजिक मूल्यमान्यतालाई आधार बनाएर नै सामाजिक सञ्जाल प्रयोगसम्बन्धी कानून बनाउनुपर्ने बताइन्।

"सूचना प्रविधिको युगमा सामाजिक सञ्जाल नै प्रयोग हुनुहुँदैन भन्ने होइन किनकि यो नेपाली समाजको जीवनशैली बन्न थालेको छ," सरकारका प्रवक्ता शर्माले भनिन्, "तर नेपाली समाजको मूल्यमान्यतासँग यसको सामञ्जस्यता कसरी मिलाउने भन्ने सन्दर्भमा नै कानून निर्माणको आवश्यकता महसूस भएको हो, त्यसका लागि सञ्चार तथा सूचना मन्त्रालयले एउटा टोली बनाएर लामो समयदेखि कानून तर्जुमाको मस्यौदा गरिरहेको छ।"

नेपाली समाज पश्चिमा समाजभन्दा फरक भएकोले पनि अन्य देशले जस्तै नेपालमा पनि सामाजिक सञ्जालको प्रयोग हुनुपर्छ भन्ने धारणा सही नभएको स्पष्ट गर्दै मन्त्री शर्माले भनिन्, "हाम्रो समाज तीन पुस्ता एउटै घरमा बसेर पारिवारिक र सामाजिक सद्भावसहित सांस्कृतिक मूल्यमान्यताको हस्तान्तरण गर्दै अघि बढेको समाज हो। त्यसैले १८ वर्ष उमेर पुग्दा नपुग्दै घर छाडेर फरकफरक संस्कृति अवलम्बन गर्ने नागरिक बसोबास गर्ने समाजका मूल्यमान्यता यहाँ लागू हुनुपर्छ भन्ने धारणा सही होइन।"

सामाजिक सञ्जालसम्बन्धी कानून निर्माण गर्दा नेपाली जनताले लडेर ल्याएको अभिव्यक्ति स्वतन्त्रताको हकलाई केन्द्रमा राख्नुपर्नेमा जोड दिँदै उनले जनताको अभिव्यक्ति स्वतन्त्रताको हक र नेपाली समाजको विशिष्ट मूल्यमान्यताको रक्षाको सवाललाई केन्द्रमा राख्नुपर्ने बताइन्।

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका जारी भइसकेकाले सो निर्देशिका पनि कानूनमा निर्माणको महत्त्वपूर्ण आधार हुने उल्लेख गर्दै मन्त्री शर्माले यसमा स्वनियमन, सचेतना र नियमनलाई आधार बनाइने बताइन्। "सामाजिक सञ्जालको प्रयोग कसरी गर्ने गराउने यसको पहिलो जिम्मेवारी उपभोक्ता र सम्बन्धित प्लेटफर्मकै हो," उनले भनिन्, "त्यसैले हामीले कानून निर्माण गर्दा स्वनियमनमैं जोड दिनेछौं।"

स्वनियमनमा सहयोग पुगोस् भनेर विद्यालय शिक्षाको पाठ्यक्रममा उल्लेख गर्नेदेखि आमसञ्चारको माध्यमबाट साइबर सचेतनामा जोड दिने र त्यति गर्दा पनि सामाजिक सञ्जालको प्रयोग सुरक्षित हुन नसकेको खण्डमा नियमन गर्नेगरी कानून निर्माणको तयारी भइरहेको मन्त्री शर्माले जानकारी दिइन्।

आम सञ्चार र सूचना प्रविधिको क्षेत्रमा धेरै परिवर्तन भएपनि पुराना कानूनबाट अघि बढ्न सम्भव नभएकाले आफ्नू नेतृत्वको मन्त्रालय कानून निर्माणमा केन्द्रित रहेको जानकारी दिँदै मन्त्री शर्माले कानून निर्माणको औपचारिक र परम्परागतभन्दा पनि सकेसम्म धेरै क्षेत्रको राय आओस् भनेर कानून मस्यौदाका क्रममा सरोकारवालासँग छलफल गर्ने र मस्यौदा निर्माण भएपछि वेबसाइटमा राखेर सार्वजनिक बहसका लागि आह्वान गर्ने गरिएको स्पष्ट गरिन्।

कानून व्यवसायी, सूचना प्रविधि क्षेत्रका जानकार र डिजिटल मिडिया सञ्चालकलगायत विभिन्न क्षेत्रका सरोकारवालाले सामाजिक सञ्जालसम्बन्धी कानूनमा समावेश गर्नुपर्ने विभिन्न पक्षको बारेमा राय सुझाव दिएका थिए।



**परालको जोहो** : दाङको राप्ति गाउँपालिका–३ स्थित खुररियाका स्थानीयवासीले गाईवस्तुलाई खुवाउन सुरक्षित गरेर राखेको पराल। तस्वीरः रासस

# "भारतमा देखिएको कोरोनाको नयाँ भेरियन्टबाट डराउनुपर्दैन"

काठमाडौं, ४ पुस/रासस

सरकारले भारतमा देखिएको कोरोना भाइरसको नयाँ भेरियन्टको सङ्क्रमणबाट नआत्तिन सबैमा आग्रह गरेको छ।



स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय। तस्वीरः फाइल

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले नेपालको सीमाभन्दा टाढा केरला राज्यमा देखिएको सङ्क्रमणबाट डराउनु नपर्ने बताए। उनले भारतमा देखिएको सङ्क्रमण श्वासप्रश्वाससम्बन्धी रहेकोले आत्तिनुपर्ने अवस्था नरहेको बताए। "अहिले भारत र चीनमा श्वासप्रश्वास समस्या बढिरहेको छ। उनले कोरोनाका बेला तयार गरिएको सघन उपचार कक्ष (आइसियू), अक्सिजनलगायत भौतिक पूर्वाधार आवश्यक परेका बेला प्रयोग गर्न सकिने बताए।

"अहिले देखिएको नयाँ भेरियन्ट नयाँ भएपनि नयाँ लक्षण यसमा छैन। त्यही श्वासप्रश्वाससम्बन्धी नै लक्षण अहिलेको नयाँ भेरियन्टमा देखिएको छ," उनले भने, "हामीसँग भएका भौतिक पूर्वाधार र जनशक्ति तालीमप्राप्त भएकाले आत्तिहाल्नुपर्ने अवस्था छैन।" उनका अनुसार सीमानाका र अन्तर्राष्ट्रिय विमानस्थलमा रहेका हेल्थ डेक्सलाई तयारी अवस्था राखिएको र श्वासप्रश्वाससम्बन्धी आएका बिरामीलाई विशेष निगरानी गर्न आग्रह गरिएको छ। उनले लामो समयसम्म श्वासप्रश्वास समस्या देखिएका बिरामीलाई भने अणुवांशिक अध्ययन (जिन सिक्वेन्सिङ) गर्न निर्देशन दिएको बताए। उनले सबैले कोरोना भाइरसविरुद्धको खोप लगाइसकेको हुनाले नयाँ भेरियन्टको सङ्क्रमणको रोकथाम खोपले गर्ने बताए। विश्व स्वास्थ्य सङ्गठनले भारतको केरला राज्यमा कोभिड–१९ को नयाँ भेरियन्ट भेटिएको पुष्टि गरेको हो।

# नेप्से परिसूचकको उकालो यात्रा जारी

काठमाडौं, ४ पुस/रासस




धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचकको उकालो यात्रा बुधवार पनि जारी रह्यो। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ३५ दशमलव ३९ अङ्कले उकालो लागेर दुई हजार १४१ दशमलव ८७ मा पुगेको छ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ९३ अङ्कले उकालो लागेर ४०२ दशमलव ६३ मा पुगेको छ। कारोबार भएका कुल १३ उपसमूहमध्ये आज दुई उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा ११ उपसमूहको शेयर मूल्य भने वृद्धि भएको छ।

कुल एक करोड ९९ लाख ६३ हजार ६०४ कित्ता शेयर रु सात अर्ब ९५ लाख ७५ हजार १७६ मूल्यमा कारोबार भएको छ। नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ। सो कम्पनीको रु ३७ करोड ३४ लाख ९७ हजार २६८ मूल्य बराबरको शेयर कारोबार भएको छ।

सोल्टी होटल रु २४ करोड ५३ लाख ७७ हजार ६४०, सोनापुर मिनरल्स रु २० करोड १५ लाख २४ हजार ३९१, हिमाल दोलखा हाइड्रोपावर रु १८ करोड १३ लाख २३ हजार ७०६ र नेपाल पूर्वाधार बैंक रु १७ करोड ५४ लाख ८३ हजार ५९० बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार आज विभिन्न १३ कम्पनीका शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। यस्तै, कुमारी धनवृद्धि योजना तीन दशमलव ८२, नेरुडे लघुवित्त तीन दशमलव ६५, माथिल्लो मैलुङ तीन दशमलव ६४, साइन रेसुङ्गा डेभलपमेन्ट बैंक तीन दशमलव ४५ र तारागाउँ रिजेन्सी होटलका लगानीकर्ताले तीन दशमलव ३९ प्रतिशतले गुमाएका छन्।

प्रशासकीय अधिकृतसहित....

कार्यालयले गत मङ्सिर १५ गते नियन्त्रणमा लिएको थियो।

उक्त कार्यालयले सवारीसाधनसहित पक्राउ परेका मञ्जीतकुमार यादव, फूलकुमार यादव, सन्दीपकुमार यादव, रामकुमार यादव, अरविन्दकिशोर यादव, इन्द्रजीत महतो, रमनकिशोर यादव, पुरुषोत्तम यादवविरुद्ध मुद्दा दायर गरेको आज एक विज्ञप्ति निकालेर सार्वजनिक गरेको हो।

त्यसैगरी, धनगढीमाई नगरपालिका प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश महतो, प्रशासन शाखा सहायक रञ्जीतकुमार सिंह र वरुण कन्स्ट्रक्सनका सञ्चालक नीलमकुमारी यादवविरुद्ध मुद्दा दायर भएको छ।

उनीहरूले वन नियमावली, २०७९ को नियम ३० (५) र वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ (ख) बमोजिम तथा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा ४(ख) र ६(३) बमोजिमको प्रक्रिया पूरा नगरी अवैध ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन गर्ने गराउने कार्यमा संलग्न रहेको अनुसन्धानबाट खुलेको विज्ञप्तिमा उल्लेख छ।

# रूसी सेनामा कार्यरत अर्का नेपालीको निधन, युक्रेनमा चारजना बन्दी

काठमाडौं, ४ पुस/रासस

रूसी सेनामा कार्यरत अर्का एकजना नेपाली नागरिकको मृत्यु भएको छ । परराष्ट्र मन्त्रालयका अनुसार कुन्दनसिंह नागलको मृत्यु भएको हो ।

मन्त्रालयले नेपालका लागि रूसका राजदूतमार्फत रूसी सेनामा भर्ना भई निधन भएका नेपाली नागरिकहरूको शव यथाशीघ्र नेपाल पठाउन तथा घाइतेलगायत पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन पुनः अनुरोध गरिएको जनाएको छ ।

साथै मन्त्रालयले नेपाली नागरिकलाई रूसी सेनामा भर्ना नगर्न र भर्ना गरिएका नेपालीलाई तत्काल नेपाल फर्काउन रूसी राजदूतमार्फत रूसी सरकारलाई पुनः अनुरोध गरेको आज एक प्रेस विज्ञप्ति निकालेर बताएको छ । "रूसी सेनामा भर्ना भएका नेपाली नागरिकको सङ्ख्या, घाइते सङ्ख्या तथा उनीहरूको अवस्थाका बारेमा यथाशीघ्र जानकारी गराउन अनुरोध गरिएको छ।



कारबाईको तयारीमा युक्रेनमा रूसी सेना । तस्वीरः फाइल

सरकारी कामकाज, रूसी सरकारको छात्रवृत्ति तथा पेशा व्यवसायमा संलग्न भएकालाई बाहेक अन्य सर्वसाधारण नागरिकहरूलाई रूस यात्रा गर्नुपरेमा परराष्ट्र मन्त्रालय अन्तगएतको कन्सुलर सेवा विभागबाट जारी गरिने नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) लिएर मात्र यात्रा गर्न सकिने व्यवस्था गरिएकोमा सो व्यवस्थालाई विस्तार गरी भारत, बङ्गलादेश, श्रीलङ्का, संयुक्त अरब इमिरेट्स, साउदी अरब, कुवेत, कतार र बहराइनबाट समेत रूस यात्रा गर्नुपरेमा तत् तत् देशमा रहेका नेपाली राजदूतावास तथा महावाणिज्यदूतावासहरूबाट जारी गरिने एनओसी लिएर मात्र यात्रा गर्न सर्वसाधारणमा मन्त्रालय हार्दिक अपील गर्दछ," विज्ञप्तिमा भनिएको छ ।

**युक्रेनमा चार नेपाली बन्दी**

युक्रेनमा बन्दी बनाइएका चारजना बन्दीका बारेमा नेपाल सरकारको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा जनाइएको छ । बन्दी बनाइएकाहरूलाई शीघ्र रिहा गरी नेपाल फिर्ता पठाउन युक्रेन सरकारलाई कूटनीतिक माध्यमबाट अनुरोध गरिएको परराष्ट्रले बताएको छ । मन्त्रालयका अनुसार निजहरूको रिहाइ र नेपाल फिर्तीका लागि अन्तर्राष्ट्रिय कमिटी अफ रेडक्रसलगायत अन्य माध्यमबाट पनि कूटनीतिक प्रयास भइरहेको जानकारी छ ।

मन्त्रालयले बर्दिया राजापुर-१ का विवेक खत्री, मण्डनदेउ-६, काभ्रेपलाञ्चोकका सिद्धार्थ ढकाल, लेटाङ-२, मोरङका विकास राई र रून्तिगढी-८ रोल्पाका प्रतीक पुनलाई युक्रेनमा बन्दी बनाइएको बताउँदै उनीहरूको रिहाइका निम्ति भागीरथ प्रयास गरिरहेको जनाएको छ ।

# भारतीय युवक मृत फेला

प्रस, वीरगंज, ४ पुस/

वीरगंज महागरपालिका-२४ रामगढवा गाउँको पश्चिमस्थित नदीमा बुधवार एकजना भारतीय युवक मृत अवस्थामा फेला परेका छन् ।



घटनास्थलमा एकत्रित स्थानीय । तस्वीरः सौजन्य

भारत मोतिहारी निवासी २४ वर्षीय शैलेन्द्र साह आज मृत फेला परेको प्रहरीले जनाएको छ ।

आज बिहान लाश हेरेर स्थानीयले प्रहरीलाई खबर गरेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ । उनी मोतिहारीबाट केही दिनअगाडि पत्नीसँगै ससुराली आएका र आज नदीमा मृत फेला परेको प्रहरीको भनाइ छ। मृतककी पत्नीका अनुसार मृतक युवक बिहानदेखि नै मदिरा पिउने गर्थे । प्रहरीले मृत्यु सम्बन्धमा शल्यपरीक्षण पछि थाहा हुने जनाएको छ ।

# प्रशासकीय अधिकृतसहित १८ जनाविरुद्ध मुद्दा

मिर्चैया (सिराहा), ४ पुस/रासस

सिराहा डिभिजन वन कार्यालय, लहानले अवैधरूपमा ढुङ्गा, गिट्टी, तथा बालुवा उत्खनन गरे/गराएको आरोपमा धनगढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतसहित १८ जनाविरुद्ध जिल्ला अदालत सिराहामा मुद्दा दायर गरेको छ ।

धनगढीमाई नगरपालिका १२ र १३ स्थित सर्रेखोला सामुदायिक वन क्षेत्र उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्डविपरीत उत्खनन अनुमति दिएको भन्दै वन कार्यालयले प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश महतोविरुद्ध मुद्दा दायर गरेको हो । सर्रेखोला सामुदायिक वन क्षेत्रभित्रबाट अवैधरूपमा उत्खनन तथा ओसारपोसारमा संलग्न सातवटा टयाक्टर र तिनका चालकलाई वन

(बाँकी तेस्रो पातामा)


# नेपाली काङ्ग्रेस पर्साको बैठक सम्पन्न

प्रस, वीरगंज, ४ पुस/

भोलि पुस ५ र ६ गते जनकपुरमा हुन गइरहेको नेपाली काङ्ग्रेसको मधेस प्रदेश भेलामा सहभागिता जनाउनका लागि नेका, पर्सा निर्वाचन क्षेत्र नं १ को बुधवार बैठक बसेको छ ।

भेलाको तयारीबारेमा आज बैठकमा

(बाँकी अन्तिम पातामा)



**झोलुङ्गे पुलमा बत्तीको झिलिमिली** : बिजुली बत्तीले झिलिमिली बनेको बागलुङको बाङ्गेचौर र पर्वतको पाङ जोड्ने गरी कालीगण्डकी नदीमाथि निर्माण गरिएको झोलुङ्गे पुल । पर्यटक आकर्षित गर्न बागलुङ नगरपालिकाले पुलमा बत्ती जडान गरेको हो । तस्वीरः रासस

## फरक समाचार

# योग गरेपछि के गर्नुपर्छ ?



शरीरलाई स्वस्थ राख्न नियमितरूपमा योग गर्नु जरुरी छ। योग गर्नाले धेरै प्रकारका रोगहरू निको मात्र हुँदैन, मानसिक तनाव पनि कम हुन्छ। योगले शरीरको ऊर्जा मात्र बढाउँदैन, शरीरमा लचकता पनि बढाउँछ ।

अहिले योग धेरै मानिसको जीवनको एक महत्त्वपूर्ण भाग बनिसकेको छ। योग गर्दा धेरै सावधानी अपनाउनुपर्ने हुन्छ । थोरै लापरवाहीले चोटपटक लाग्न सक्छ र शरीरलाई योगको पूर्ण लाभ मिल्दैन। प्रायः मानिसहरू नियमितरूपमा योग गर्छन्। यसपछि पनि शरीरमा कुनै परिणाम देखिंदैन। यसको कारण यो हुन सक्छ कि योग गरेपछि हामी केही गलती गर्छौं, जसले शरीरलाई हानि पुऱ्याउँछ र शरीरले योगको पूर्ण लाभ पाउन सक्दैन । अब जानौं योगा गरेपछि के गर्नुपर्छ।

**आराम गर्नुहोस्**

योग गरेपछि धेरैले तुरुन्तै नियमित काम गर्न थाल्छन्, जसका कारण शरीरलाई हानि पुग्न सक्छ । ध्यान राख्नुहोस् कि योग गरेपछि कम्तीमा १० मिनेट शवासन, मकरासन वा द्राधासन गर्नुहोस् । यो आसन गर्नाले शरीरलाई आराम मिल्छ र तनाव पनि कम हुन्छ ।

**हल्का हिंड्नुहोस्**

योग गरेपछि तुरुन्तै आफ्नो नियमित काम शुरू नगर्नुहोस् । योग गरेपछि हल्का हिंड्ने प्रयास गर्नुहोस् । ताजा हावामा गहिरो सास लिनुहोस् । यसो गर्नाले योगको थकान हट्छ र तपाईं ताजा महसूस गर्नुहुनेछ । योगा गर्दा हामी स्ट्रेचिङ गर्छौं, जसले सहज गतिमा मदत गर्छ ।

**हाइड्रेसन**

योग गरेपछि तिर्खा लाग्छ । यस्तो अवस्थामा योग गरेपछि तुरुन्तै पानी पिउनुहुँदैन । योग सम्पन्न भएको १० देखि १५ मिनेटपछि बिस्तारै चुस्कीले पानी पिउनुहोस् । जाडोमा मनतातो पानी पनि पिउन सकिन्छ । गर्मीमा शरीरलाई डिटक्सिफिकेशन गर्न जीरा र सौंफको पानी पनि पिउन सकिन्छ ।

**स्वस्थ आहार**

योग गरिसकेपछि के खाने भन्ने कुरा निकै महत्त्वपूर्ण हुन्छ । योग गरेपछि टोफु, नट, बीउ, चीज र स्प्राउट्स जस्ता खानेकुराहरू सेवन गर्नुहोस् । यी खानेकुराका साथसाथै केरा र स्याउ जस्ता केही फलफूल पनि खान सकिन्छ ।

**नुहाउने**

योग गर्दा पसिना आउनु सामान्य कुरा हो । यस्तो अवस्थामा योग गरेको केही समयपछि नुहाउनु राम्रो विकल्प हुन सक्छ । नुहाउँदा योग गर्दा निस्कने पसिना सफा हुन्छ र छालासम्बन्धी समस्या पनि हट्छ । योग गरेपछि नुहाउँदा तपाईंको मूड ताजा रहन्छ ।

योग गरेपछि उपरोक्त काम गर्न सकिन्छ । यद्यपि यदि तपाईंलाई कुनै रोग वा एलर्जीको समस्या छ भने, विशेषज्ञसँग परामर्श गरेपछि मात्र यी उपायहरू पालना गर्नुहोस् ।

# आयुर्वेद अनुसार भात कसरी पकाउने ?

हामीहरू भात खान र यसबाट विभिन्न प्रकारका परिकारहरू बनाउन मन पराउँछौं । यो हाम्रो आहाराको एक महत्त्वपूर्ण भाग हो । वास्तवमा हामीकहाँ रोटीको साटो मुख्य खानाको रूपमा भात बढी खपत हुन्छ ।



भात खान निकै स्वादिलो हुने भएकोले यसको सेवनले छिट्टै पेट भरिन्छ। यी पचाउन सजिलो हुन्छ र स्वास्थ्यको लागि पनि निकै फाइदाजनक हुन्छ । तर के तपाईंलाई थाहा छ भात खाँदा तपाईको स्वास्थ्यलाई कतिको फाइदा हुन्छ, यो धेरै हदसम्म तपाईंले भात कसरी पकाएर खानुहुन्छ भन्नेमा भर पर्छ । हामी सबैको भात पकाउने आफ्नै तरीका छ । कसैलाई भात उमालेर मात्रै खान मन लाग्छ भने कसैले मसला हालेर बिरयानी वा पुलाउ आदिको रूपमा पकाएर खाने गर्छन्। तर के तपाईंलाई भात पकाउने आयुर्वेदिक तरीका थाहा छ ? यदि तपाईं आयुर्वेदिक तरीकाले भात पकाएर खानुहुन्छ भने, यो तपाईंको स्वास्थ्यको लागि धेरै लाभदायक हुन सक्छ। आयुर्वेदिक चिकित्सक डा चैताली राठौर (BAMS आयुर्वेद)ले आयुर्वेद अनुसार भात पकाउने तरीक एक इन्स्टाग्राम पोस्टमा साझा गरेकी छन् ।

यसका साथै आयुर्वेदिक तरीकाले पकाएको भात खानुका फाइदाबारे पनि जानकारी दिइएको छ ।

डा चैतालीका अनुसार चामलमा कार्बोहाइड्रेट प्रशस्त हुन्छ। यसले शरीरलाई ऊर्जा प्रदान गर्छ र धेरै तरीकाले सन्तुलित आहारमा समावेश गर्न सकिन्छ। भात ग्लुटेनमुक्त छ र यसमा फलाम, म्याग्नेशियम, पोटाशियम र भिटामिन बी जस्ता धेरै महत्त्वपूर्ण पोषक तत्त्व पाइन्छन् । यसबाहेक भातमा सोडियमको मात्रा कम हुन्छ र यसले शरीरलाई हाइड्रेटेड राख्न मदत गर्छ। भात फाइबरको राम्रो स्रोत हो, जसले पाचन प्रक्रियामा सुधार गर्न मदत गर्छ र रगतमा चिनीको मात्रा नियन्त्रणमा राख्छ । तर धेरै अवस्था र स्वास्थ्य समस्याहरूमा भात नखान वा धेरै सीमित मात्रामा सेवन गर्नु उचित हुन्छ जस्तो कि मोटोपन, मधुमेह, पिसिओडी, थाइराइड, उच्च रक्तचाप आदिमा । तर यदि तपाईंले आयुर्वेदिक तरीकाले भात पकाएर खानुभयो भने, तपाईं कुनै समस्याविना भातको मजा लिन सक्नुहुन्छ। यसबाहेक भातले तपाईंको स्वास्थ्य अवस्था सुधार गर्न पनि मदत गर्छ ।

**आयुर्वेद अनुसार भात पकाउने सही तरीका**

डा चैतालीका अनुसार खानालाई सजिलै पचाउन आयुर्वेदले धेरै महत्त्व दिएको छ, जसले गर्दा आन्द्राबाट पोषक तत्त्व रगतमा पुग्छ र त्यहाँबाट शरीरका कोषहरूमा पुग्छ । आयुर्वेदले खाना पकाउनुअघि भुटेर वा पानीको मात्रा बढाएर पाचन क्षमता बढाउन सुझाव दिन्छ। यसको लागि यी चरणहरू पालना गर्नुपर्छ।

**ड्राई रोस्ट**

ड्राई रोस्टिङले अनाजको सतहमा रहेको स्टार्चको संरचना परिवर्तन हुन्छ र तीमध्ये केही कैरामेलाइज हुन्छ, जसले भातको स्वाद बढाउँछ । ड्राई रोस्टिङ प्रक्रियाबाट स्टार्च कम भएपछि, भात गिलो हुँदैन र फुलेको रहन्छ ।

–प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# जातीय हिंसाका पीडितहरूको सामूहिक अन्त्येष्टि

नयाँ दिल्ली, ४ पुस/एएफपी

भारतको मणिपुर राज्यमा पछिल्लो आठ महीनामा भीषण जातीय हिंसामा मारिएका ८७ जनाको शवलाई बुधवार सामूहिक समारोहमा गाडिएको एक समुदायका नेताले बताएका छन्।

उत्तरपूर्वी राज्य मणिपुरमा मे महीनामा मुख्यरूपमा हिन्दू बहुल मैतेई र क्रिश्चियन कुकी समुदायबीच भएको लडाइँमा कम्तीमा दुई सयजनाको मृत्यु भइसकेको छ। दुवै समुदायबीचको तनाव भूमि र सार्वजनिक नोकरीका लागि प्रतिस्पर्धा वरपर घुमेको छ। अधिकारकर्मीहरूले स्थानीय नेताहरूमाथि राजनीतिक लाभका लागि जातीय विभाजन बढाएको आरोप लगाएका छन्।

टाढाको राज्य जातीय आधारमा विभाजन भएको छ। प्रतिद्वन्द्वी लडाकूहरूले विरोधी समुदायका सदस्यहरूलाई बाहिर राख्नका लागि नाकाबन्दी लगाएका छन्। यसको अर्थ धेरै परिवारले आफ्ना आफन्तहरूको शव सङ्कलन गर्न भ्रमण गर्न सकेनन्। मुख्यरूपमा मैतेई बहुल क्षेत्रका रूपमा मानिने राजधानी इम्फालको शवगृहमा मृतकको शव राखिएको थियो।




भारतको सर्वोच्च अदालतले गत महीना अधिकारीहरूलाई शवको दाहसंस्कार गर्न वा गाड्न आदेश दिएको थियो। आदेश अनुसार ६४ वटा शव इम्फालबाट हवाईमार्गमार्फत परिवारलाई हस्तान्तरण गरिएको थियो।

"सबै ८७ शवको अन्त्येष्टि सकिएको छ," मणिपुरको इन्डिजिनस ट्राइबल लिडर्स फोरम (आइटिएलएफ) का प्रवक्ता गिन्जा भुएलजोङले एएफपीलाई भने, "यो मिश्रित भावनाहरूको दिन हो, यो दुःखद दिन हो तर एक किसिमको राहतको भावना पनि हो किनकि हामीले अन्ततः हाम्रा शहीदहरूलाई आराम दिन सकेका छौं।"

धेरैजसो क्रिश्चियन क्रस राखिएका कफिनहरूको लामो लाइनलाई एउटा पहाडमा खनिएका अलगअलग खाडलमा झारिएको थियो। राइफलसहितका मानिसहरूले हावामा गोली चलाएका थिए। सामूहिक अन्त्येष्टि चुराचाँदपुरको कुकी बहुल क्षेत्रमा आयोजना गरिएको थियो। अघिल्लो साता काङपोक्पी जिल्लामा १९ शव गाडिएको थियो।

ह्युमन राइट्स वाचले प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा)द्वारा शासित मणिपुर राज्य अधिकारीहरूमाथि हिन्दू बहुसङ्ख्यकवादलाई बढावा दिने विभाजनकारी नीतिहरूमार्फत द्वन्द्वलाई सहजीकरण गरेको आरोप लगाएको छ।

यसै महीनाको प्रारम्भमा म्यान्माको सीमानजीकै रहेको मणिपुरको टेङ्नौपल जिल्लामा भएको गोली हानाहानमा कम्तीमा १३ जना मारिएका थिए। ताजा झडपपछि मङ्गलवार लामो समयदेखि जारी इन्टरनेट प्रतिबन्धलाई पुनः लागू गरिएको छ र ठूला सार्वजनिक जमघटमा प्रतिबन्ध लगाइएको छ। रासस

# शिख नेताको हत्यासम्बन्धी प्रमाणको अनुसन्धान गर्न भारत तयार - प्रम मोदी

नयाँ दिल्ली, ४ पुस/एएफपी

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त राज्य अमेरिकामा शिख पृथकतावादी नेताको हत्याको षडचन्त्रबारे उपलब्ध गराइएको कुनै पनि प्रमाणको अनुसन्धान गर्ने बताएका छन्।

अमेरिकी न्याय विभागले गत महीना एक भारतीय नागरिकमाथि अमेरिकी भूमिमा एक शिख नेताको हत्याको षडचन्त्र रचेको आरोप लगाएको थियो।

प्रम मोदीले यस विषयमा आफ्नो पहिलो टिप्पणीमा भने, "यदि हाम्रो नागरिकले केही राम्रो वा नराम्रो काम गरेको छ भने हामी त्यसलाई हेर्न तयार छौं। हाम्रो प्रतिबद्धता विधिको शासनप्रति हो।"

यसअघि भारतीय विदेश मन्त्रालयले यस मामिलाका सबै सान्दर्भिक पक्षहरूको अध्ययन गर्न उच्चस्तरीय छानबीन समिति गठन गरेको बताएको थियो।

नोभेम्बर २९ मा अमेरिकी न्याय विभागले न्यूयोर्क शहरमा भारतीय मूलका अमेरिकी नागरिक ५२ वर्षीय निखिल गुप्ताविरुद्धको हत्या गर्ने असफल योजनामा संलग्नताको आरोप सार्वजनिक गरेको थियो।




न्याय विभागका अनुसार हत्यामा संलग्न व्यक्ति भारत सरकारको मुखर आलोचक हुन् र उनी अमेरिकास्थित शिख समुदायको सङ्गठनको नेतृत्व गर्छन्। उनले उत्तरी भारतीय राज्य पञ्जाबलाई अलग गर्ने पक्षमा वकालत गर्छन्।

भारतमा बस्दै आएका गुप्तालाई चेक रिपब्लिकका अधिकारीहरूले अमेरिका सुपुर्दगी आदेश अन्तर्गत पक्राउ गरेका थिए।

ह्वाइट हाउसले संयुक्त राज्य अमेरिकामा एक शिख पृथकतावादीको हत्या गर्ने कथित षडचन्त्रलाई अत्यन्त गम्भीरताका साथ हेरिरहेको र भारत सरकारसँग यो मुद्दा उठाएको बताएपछि प्रम मोदीको यो टिप्पणी आएको हो।

सोही दिन फाइनान्सियल टाइम्सले अमेरिकी र क्यानडेली नागरिक गुरपतवन्त सिंह पन्नुनको हत्याको षडचन्त्र असफल पारेको समाचार प्रकाशित गरेको थियो।

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले गत सेप्टेम्बरमा क्यानडाका नागरिक हरदीप सिंह निज्जरको हत्यामा नयाँ दिल्लीलाई जोडेपछि क्यानडा र भारतबीच ठूलो कूटनीतिक विवाद भएको थियो।

नयाँ दिल्लीले क्यानडाको आरोपलाई बेतुकको आरोप मात्रै भएको बताएको छ।

प्रम मोदीले फाइनान्सियल टाइम्ससँग भनेका छन्, "भारत विदेशमा रहेका केही अतिवादी समूहका गतिविधिप्रति निकै चिन्तित छ।"

"अभिव्यक्ति स्वतन्त्रताको आडमा यी तत्त्वहरूले धम्की दिने र हिंसा भड्काउने काम गरेका छन्," उनले बताए। रासस

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

## आजको राशिफल

| | |
|---|---|
| मेष — अलमल | वृष — धनलाभ |
| मिथुन — सफलता | कर्कट — ईश्वरभक्ति |
| सिंह — वादविवाद | कन्या — व्यापारवृद्धि |
| तुला — धनलाभ | वृश्चिक — सुसमाचार |
| धनु — भयचिन्ता | मकर — मित्रमिलन |
| कुम्भ — अतिथिआगमन | मीन — सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



**पानीघट्टमा काम गर्दै वृद्ध** : चितवनको कालिका नगरपालिका-१० स्थित पाइमाराङ खोलामा रहेको पानीघ मा मकै पिस्दै दमियो डाँडाका ७८ वर्षीय वृद्ध नरबहादुर प्रजा । यस भेगका चेपाङ समुदाय यही पानीघट्टमा मकै, कोदो पिस्न आउने गरेका छन् । तस्वीरः रासस

# उखु किसानले अनुदानबापतको रु २० करोडभन्दा बढी भुक्तानी लिन बाँकी

सर्लाही, ४ पुस/रासस

सर्लाहीका उखु उत्पादक किसानले गत वर्ष बिक्री गरेको उखुको अनुदानबापतको रकम रु २० करोडभन्दा बढी भुक्तानी लिन बाँकी रहेको छ। जिल्लाका १७ हजार ३० किसानले चिनी उद्योगलाई उखु बिक्री गरेबापत प्रतिक्विन्टल रु ७० का दरले पाउनुपर्ने रु २९ करोड २५ लाख ५२ हजार ७४९ मध्ये हालसम्म रु २० करोड २५ लाख ५२ हजार ७४९ निकासा हुन बाँकी रहेको नेपाल उखु उत्पादक किसान महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले जानकारी दिए।

उनका अनुसार प्रतिक्विन्टल अनुदानबापत रु ७० का दरले पाउनुपर्ने रु २९ करोड २५ लाख ५२ हजार ७४९ मध्ये प्रतिक्विन्टल अनुदानबापतको रकम रु ४९ का दरले रु २० करोड २५ लाख ५२ हजार ७४९ भुक्तानी हुन बाँकी छ।

जिल्लामा रहेका इन्दुशङ्कर चिनी उद्योग हरिवन, महालक्ष्मी चिनी उद्योग र अन्नपूर्ण चिनी उद्योग गरी तीनवटा चिनीमिलमा गत वर्ष उखु बेचेका १७ हजार ३० किसानले प्रतिक्विन्टल अनुदानबापतको रकम रु २१ का दरले रु नौ करोड ११ लाख २६ हजार ६३८ मात्रै हालसम्म प्राप्त गरेका मिलगेट उखु उत्पादक समितिका जिल्ला अध्यक्ष राजकुमार उप्रेतीले जानकारी दिए।

प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बैठक बसेर मन्त्रालयबाट प्राप्त सो रकम जिल्लाका उखु उत्पादक किसानलाई ३० प्रतिशतका दरले वितरण गर्ने निर्णय गरेपछि कोष तथा लेखा नियन्त्रकको कार्यालयले अनुदानबापतको



टयाक्टरमा उखु लोड गर्दै किसान। तस्वीरः प्रतीक

रकम रु नौ करोड ११ लाख २६ हजार ६३८ भुक्तानी गरेको कार्यालय प्रमुख एवं कोष नियन्त्रक निर्मल न्यौपानेले बताए। उनका अनुसार किसानका लागि अनुदानबापत करीब रु २० करोड १४ लाख २६ हजार १११ आउन बाँकी छ।

यता राज्यले दिनुपर्ने अनुदानबापतको गत वर्षको रकम यथाशीघ्र भुक्तानी हुनुपर्ने र यस वर्षको उखुको मूल्य रु ७५० कायम हुनुपर्ने माग राख्दै जिल्लाका उखु उत्पादक किसान गत शनिवारदेखि सडक आन्दोलनमा होमिएका किसान अगुवा ताराराज पन्त (अर्जुन)ले बताए। उनका अनुसार आफूहरूका माग सम्बोधन नहुँदासम्म आन्दोलनका कार्यक्रम जारी रहनेछन्।

त्यसैगरी, प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको पहलमा बालुवाटारमा अर्थ, कृषि तथा पशुपक्षी मन्त्री तथा विभिन्न मन्त्रालयका सचिवबीच उखु उत्पादक किसानले गत वर्ष बिक्री गरेको उखुको अनुदानबापतको राज्यले दिनुपर्ने रकम रु ५२ करोड तत्काल भुक्तानी गर्ने विषयमा छलफल भएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले जानकारी दिए। सो निर्णयपछि पनि उखु उत्पादक किसानको आन्दोलन रोकिएको छैन। आफूहरूको खातामा अनुदानबापतको रकम नआउँदासम्म र चालू वर्षका लागि उखुको समर्थन मूल्य रु ७५० नतोकिंदासम्म आन्दोलन जारी रहने महासङ्घका अध्यक्ष मैनालीले बताए।

**'समयसीमाभित्रै जिम्मेवारी ...**

छ विकल्पको अध्ययन भइरहेको सेनाले जानकारी दियो। करीब २५५ मिटर अग्लासहित विशेष प्रकारका सहित ६२ वटा पुल निर्माणको ठेक्का भइसकेको जनाउँदै सेनाले बाँकीको प्रक्रिया पनि तदारूकताका साथ अघि बढाउने प्रतिबद्धता जनाएको छ।

बैठकमा सदस्यहरूले जनताले निकै विश्वास गरेको भरोसायोग्य संस्थाका रूपमा रहेका सेनाको व्यवस्थापनमा अघि बढेको द्रुतमार्ग निर्माण ढिलो हुने र लागत बढ्ने अवस्थाले सेनाप्रतिको दृष्टिकोणमा परिवर्तन आउन नदिनेतर्फ सचेत र सजग रहन सुझाव दिए।

उनीहरूले निर्धारित लक्ष्य हासिल गर्ने अठोटसँगै कार्यप्रगति तालमेल नभएको मात्र नभई काम असाध्यै ढिलो भएको जनाउँदै द्रुतमार्गमा मनपरि र भद्रगोल देखिएको भनी आएका सूचनालाई गलत साबित गर्ने ढङ्गबाट कार्यसम्पादन र जवाफको अपेक्षा गरे।

सेनाको स्वभाव, आचार, गुणस्तरीय कार्यसम्पादन र समयको परिपालनालाई आकलन गरी दिइएको जिम्मेवारीमा प्रश्न नआउने गरी जिम्मेवारी पूरा गर्न सुझाव दिंदै सदस्यहरूले गौरवमय सेनाको इतिहासलाई ध्यान दिई काम र व्यवहारले पुष्टयाइँ गर्न सुझाव दिए।

सेनाको पवित्रता र गरिमालाई कायम गर्दै द्रुतमार्गको जिम्मेवारीलाई समयमैं पूरा गर्न सैनिक नेतृत्वलाई ध्यानाकर्षण गराउँदै सदस्यहरूले विकटमा सडक खनेर तथा विपद्को साथीका रूपमा प्रमाणित गरेको सेना विवादमा नपरोस् भन्ने भावनालाई आत्मसात् गर्न सल्लाह दिए।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# शिक्षण सिकाइ अनुदान कोटाको नियुक्तिमा अनियमितता

प्रस, रौतहट, ४ पुस/

राजदेवी नगरपालिका–१ स्थित माध्यमिक विद्यालय पथरामा आएको माध्यमिक तहको शिक्षण सिकाइ अनुदान कोटाको नियुक्तिमा अनियमितता भएको छ।

विद्यालयले प्रक्रिया पूरा गर्न मात्र लिखित तथा मौखिक परीक्षाको ढोङ रचेको पथरा निवासी रामप्रसाद यादवले आरोप लगाएका छन्।

अङ्ग्रेजी विषयको वस्तुगत परीक्षा, विषयगत परीक्षा तथा मौखिक परीक्षा एकै दिन गरी प्रधानाध्यापक उतिचन्द्रराय यादवले आर्थिक लाभमा अयोग्य शिक्षक छनोट गरेको उनले आरोप लगाएका छन्।

प्रश्नपत्र नै आर्थिक लाभ दिनेलाई प्रअले दिएको बताउँदै यादवले विद्यालयमा व्यापक भोजभतेरसमेत भएको बताए।

सो विद्यालयमा विज्ञान विषयको शिक्षकको आवश्कता रहे पनि आर्थिक लाभ लिनका लागि अङ्ग्रेजी विषयको शिक्षकको विज्ञापन गरेको आरोप लगाइएको छ। यस सम्बन्धमा प्रअ उतिचन्द्रराय यादवले निष्पक्ष तरीकाले परीक्षा लिएर नियुक्ति गरिएको हो, आर्थिक लाभको कुरा आरोप मात्र हो।

# सतवरियामा विद्यालय भवन उद्घाटन

प्रस, पोखरिया, ४ पुस/

नेपाल राष्ट्रिय आधारभूत विद्यालय, सतवरियाको नवनिर्मित विद्यालय भवनको बुधवार उद्घाटन भएको छ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत साढे ४२ लाख रुपैयाँको लागतमा चार कोठे भवन निर्माण भएको र सोको आज नगरप्रमुख प्रद्युम्न चौहानले उद्घाटन गरेका हुन्।



तस्वीरः प्रतीक

कार्यक्रममा नगरका सामुदायिक विद्यालयहरूको समस्यालाई नगरपालिकाले चाँडोभन्दा चाँडो समाधान गर्ने प्रयासतर्फ लागेको बताए। उनले आफ्नो कार्यकालमा पोखरिया नपामा शिक्षा र स्वास्थ्यको स्तर वृद्धि गर्ने दाबी गरे। उनले नगरका केही राजनीतिक दलका नेता भनाउँदाहरूले विकासविरोधी अफवाह फैलाइरहेका र उनीहरूको कुरामा विश्वास नगर्न आग्रह गरे। उनले केही गलत भएको छ भने प्रत्यक्षरूपमा विरोध गर्न र सोको जिम्मेवारी लिन आफू तयार रहेको चुनौती पनि दिए। उनले नगरका सामुदायिक विद्यालयको अपुग शिक्षक दरबन्दीको समस्यालाई चाँडो समाधान गर्ने बताए।

वडाध्यक्ष लछुमनसाह कलवारको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख रुबी ठाकुर, वडाध्यक्ष महिन्द्र चौहान, शिक्षा शाखा प्रमुख वाल्मीकि साह, आर्थिक प्रशासन शाखा प्रमुख विजय झा, प्रधानाध्यापक शङ्करप्रसाद रौनियार, लालबाबू चौहान, पारस ठाकुर, युवा सङ्घका केन्द्रीय सदस्य कौशल साहलगायतको सहभागिता थियो। कार्यक्रममा प्रधानाध्यापक रामबाबू चौहानले स्वागत गरेका थिए।

# २३७ जनालाई मोतीबिन्दु

प्रस, पोखरिया, ४ पुस/

तिलगङ्गा आँखा प्रतिष्ठान, काठमाडौं र वीरगंज सामुदायिक आँखा केन्द्रको संयुक्त आयोजनामा बुधवार पोखरिया नगरपालिका–४ हनुमान मन्दिरमा निशुल्क आँखा शिविर सम्पन्न भएको छ।

नेपाली काङ्ग्रेस, पर्साका सभापति एवं मधेस प्रदेशसभा सदस्य जनार्दनसिंह क्षत्रीले शिविरको उद्घाटन गरेका थिए। कार्यक्रममा पूर्वनगरप्रमुख दीपनारायण रौनियार, वडाध्यक्ष लछुमनसाह कलवार, मुकेश पटेल, रामबाबू चौहानलगायतको सहभागिता थियो। शिविरमा पोखरिया नगरपालिकाका दशवटै वडाका २३८ जना महिला र २४१ जना पुरुषले आँखा परीक्षण गराएका थिए। आँखा परीक्षण गराएका ४७९ जनामध्ये २३७ जनामा मोतीबिन्दुको समस्या देखिएको थियो। मोतीबिन्दु देखिएकाहरूलाई यही पुस ९ र १० गते बहुअर्वामा आयोजना गरिने शिविरमा शल्यक्रिया गरिने सामुदायिक आँखाका संयोजक महेशसिंह धामीले बताए।

# युवामैत्री यौन तथा प्रजनन स्वास्थ्य शिक्षाबारे तालीम सम्पन्न

प्रस, वीरगंज, ४ पुस/

युवा नामक संस्थाद्वारा वीरगंज महानगरपालिका कार्यालयको सभाहलमा युथ एक्सेस परियोजना अन्तर्गत हिजोदेखि सञ्चालित युवामैत्री यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकार विषयक दुई दिने तालीम बुधवार सम्पन्न भएको छ।

स्वास्थ्य चौकी, स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि युवामैत्री स्वास्थ्य सेवा प्रवाह गर्न तालीमको आयोजना गरिएको युवा संस्थाकी महासचिव अस्मिता रिजालले बताइन्।

उनले युवा संस्थाले यौन तथा प्रजनन स्वास्थ्य शिक्षा र अधिकारका क्षेत्रमा लामो समयदेखि पैरवी गर्दै आएको जानकारी दिइन्।

तालीममा स्वास्थ्य संस्थामा युवाहरूलाई कसरी सेवा प्रदान गर्ने, शब्दको कसरी गर्ने, कसरी गोपनीयता राख्नेलगायत यौन तथा प्रजनन स्वास्थ्य शिक्षा तथा अधिकारसम्बन्धी कानूनी प्रावधानका बारेमा स्वास्थ्यकर्मीहरूलाई पुष्पा प्रधान जोशीले प्रशिक्षण दिएकी थिइन्।




**नेपाली काङ्ग्रेस ...**

छलफल भएको हो।

बैठकमा नेका पर्साका उपसभापति रामनारायण कुर्मी, अनुशासन समितिका संयोजक रमेश पाण्डे, कार्यवाहक क्षेत्रीय सभापति अनिल सिंह, उपसभापति अनिल श्रीवास्तव, सचिव हरि यादवलगायतको सहभागिता रहेको मधेस प्रदेश प्रचारप्रसार समितिका प्रदेश सदस्य राहुलकुमार गुप्ताले बताए।

**धोबिनी गापाको पाँच ...**

लगाएका थिए।

पर्सा जिल्ला अदालतले सो मिसिल पठाउने भूमिसुधार तथा मालपोत कार्यालय, पर्सालाई बारम्बार ताकेता गर्दै आएको थियो। तर मिसिल पठाउने कार्यमा निकै ढिला भएपछि न्यायाधीश गिरीले दण्ड, जरिवाना गर्ने निर्णयसहितको अन्तिम सात दिने पत्र काट्न लगाएको दुई दिन नबित्दै मिसिल अदालतमा पुगेको हो।

तत्कालीन गुलरियाका बासिन्दाहरूले खेलमैदान तथा पर्तीको रूपमा प्रयोग गर्दै आएको जग्गा ठाकुरले सरकारी कागजात किर्ते सही सनाखत गरी आफ्नो नाममा गरेको स्थानीयको आरोप छ।

अदालतमा मिसिल पुगेपछि अहिले भूमिसुधार तथा मालपोत कार्यालय, पर्साका कर्मचारीहरू पनि आत्तिएका छन्। ठाकुरले किर्ते कागजातबाट आफ्नो नाममा पारेको ऐलानी, सार्वजनिक जग्गालाई बैंकमा राखेर ऋण लिएका छन् भने कृषि कर्ममा पाइने सरकारी सेवा सुविधाहरूको पनि उपभोग गर्दै आएका छन्।

**मुख्यमन्त्रीद्वारा आश्रम ...**

सुविधासम्पन्न आश्रम निर्माण गर्ने योजनाका साथ सप्ताह ज्ञान महायज्ञ आयोजना गरिएको यस संस्थाकी सरयू वाइजीले बताइन्।

महायज्ञका प्रमुख वाचक आचार्य राघव उपाध्यायले विभिन्न धर्ममा आस्था राख्नेहरूबीच शान्ति, सद्भाव, मित्रता, भाइचारा कायम राख्न आश्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए।

महायज्ञमा धार्मिक झाँकी, कथा, प्रवचन प्रस्तुत हुँदै आएको र संस्थामा १० लाखभन्दा बढी भक्तहरू आबद्ध रहेका संस्थाका स्वयंसेवक दलका पूर्वसचिव राजन बरालले जानकारी दिए।

# खेलकूदको संसार

## सिजी कपको उद्घाटन, डिपिएसद्वारा डिएभी पराजित

प्रस, वीरगंज, ४ पुस/

दिल्ली पब्लिक स्कूल (डिपिएस) वीरगंजको आयोजनामा अन्तरविद्यालय नवौं सिजी एजुकेशन कप शुरू भएको छ।



तस्वीरः प्रतीक

बारा, परवानीपुर–४, चैनपुरस्थित विद्यालयको खेलमैदानमा श्रीजङ्ग वीरगंजका प्रमुख सेनानी डायमन्ड कार्कीले म्याच रेफ्रीलाई बल दिएर प्रतियोगिताको उद्घाटन गरेका थिए। बालबालिकाको चौतर्फी विकासको लागि खेलकूदको भूमिका अहम् हुने भएकोले विद्यालय जीवनबाट नै प्रतिभावान् खेलाडी पहिचान गर्न प्रतियोगिता आयोजना हुनुपर्ने उनले बताए। यो प्रतियोगिता फुटबलप्रेमी विद्यार्थीका लागि एउटा राम्रो अवसर पनि भएको उनले बताए।

कार्यक्रममा विद्यालयका शैक्षिक निर्देशक डा भूषण गुरुङले खेलमा सफलता पाउन सामूहिक उत्प्रेरणा चाहिन्छ भने जीवनका अठेरामा सफलता पाउन अनुशासित बन्नु आवश्यक रहेको बताए। उनले विद्यालयस्तरीय फूटबल प्रतियोगिताले भोलि 'स्टार फुटबलर' खोज्न कोसेढुङ्गा साबित हुने बताए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भिखमचन्द अग्रवालको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रञ्जीव आनन्दले स्वागत मन्तव्य राख्दै प्रतियोगिताबारेमा जानकारी गराएका थिए। कार्यक्रममा पर्साका सशस्त्र प्रहरी नायब उपरीक्षक सङ्गम श्रेष्ठ, परवानीपुर गापाका शिक्षा शाखा प्रमुख विद्यानन्द यादव, पर्सा फूटबल सङ्घका अध्यक्ष अनिल कलवार, प्याब्सन पर्साका अध्यक्ष पूरन प्रधानलगायतको सहभागिता थियो।

कार्यक्रमपछि भएको प्रथम खेलमा डिपिएसले डिएभी वीरगंजलाई शून्यका विरुद्ध सात गोलअन्तरले पराजित गरेको थियो। निर्धारित खेलमा डिएभीले एक गोल पनि गर्न सकेन। डिपिएसले गरेको सात गोलमध्ये प्रनीष श्रेष्ठ एक्लैले चार गोल गरेका थिए। पुस १३ गतेसम्म सञ्चालित प्रतियोगितामा पर्सा, बारा, मकवानपुर र चितवनका १६ वटा निजी विद्यालयको सहभागिता छ। प्रतियोगितामा सनराइज स्कूल चितवन, सोलिडारिटी एकेडेमी हेटौंडा, बाराबाट मोर्डन स्कूल परवानीपुर, सिमराको लोट्स एकेडेमी, सिमरा पब्लिक स्कूल, ब्राइटर, शुभतारा,न्यू एकता स्कूल रहेका छन्। पर्साबाट गौतम, डिएभी, साउथजोन, जीवनज्योति, कादम्बरी, ज्ञानदा, डिपिएस, लिटल फ्लावर स्कूल रहेका छन्। प्रतियोगिताको विजेताले रु १५ हजार र उपविजेताले रु सात हजार नगद पुरस्कारसहित शिल्ड र मेडल पाउनेछन्।

## दक्षिण एशियाली स्केट बोर्ड प्रतियोगिता भोलिदेखि

काठमाडौं, ४ पुस/रासस

पाँचौं दक्षिण एशियाली स्केट बोर्ड प्रतियोगिता तथा स्केट जात्रा बिहीवारदेखि सञ्चालन हुने भएको छ।

नेपाल स्केट बोर्ड, स्केट बोर्डिङ सङ्घ तथा स्केट एन्ड नेपालको संयुक्त आयोजनामा बुटवलमा हुन लागेको उक्त प्रतियोगितामा विभिन्न नौवटा टोलीको सहभागिता रहने आयोजक सङ्घका अध्यक्ष अच्युत खनालले जानकारी दिए।

प्रतियोगितामा दक्षिण एशियाका नेपालसहित भारत, बङ्गलादेश, श्रीलङ्का, भुटान, पाकिस्तान र माल्दिभ्स तथा आमन्त्रित राष्ट्रमा म्यान्मा र थाइल्यान्डले प्रतिस्पर्धा गर्नेछन्। उक्त प्रतियोगितामा नेपालबाट एक सय खेलाडीको सहभागिता रहने आयोजकले जनाएको छ। तीन दिनसम्म चल्ने उक्त प्रतियोगिताको पहिलो दिन छनोट चरणका खेल हुनेछन्। छनोट चरणबाट प्रत्येक राष्ट्रका १६ जना खेलाडी सेमिफाइनलमा प्रवेश गर्नेछन्। सेमिफाइनलबाट प्रत्येक राष्ट्रका आठजना खेलाडी उपाधि होडमा प्रवेश गर्नेछन्।

प्रतियोगितामा पुरुष/महिलामा गेम्स अफ स्केट बोर्ड र बेस्ट रन स्पर्धामा प्रतिस्पर्धा हुनेछ। दुवैको स्पर्धा प्रदर्शनका आधारमा शीर्ष तीन स्थान हात पार्ने खेलाडीको टुङ्गो लगाइनेछ। पुरुष/महिला दुवैमा शीर्ष तीन स्थान हात पार्ने खेलाडीले क्रमशः एक हजार अमेरिकी डलर, पाँच सय अमेरिकी डलर र अढाई सय अमेरिकी डलर नगद पुरस्कार प्राप्त गर्नेछन्।

उक्त प्रतियोगिताका खेल बुटवलको तिलोत्तमास्थित ड्रुङ्गा स्केट पार्कमा खेलाइने आयोजक सङ्घका उपाध्यक्ष एवं प्रतियोगिता संयोजक जागृत पहाडीले जानकारी दिए। प्रतियोगितामा शीर्ष तीन स्थान हात पार्ने पुरुष/महिला खेलाडीलाई जर्मनीको स्केट एड इन्टरनेशनलमा तालीमको अवसर पनि प्रदान गर्ने आयोजक सङ्घका अध्यक्ष खनालले जानकारी दिए।

## नेपाल सुपर लिग फूटबलः झापाले धनगढीलाई हरायो

काठमाडौं, ४ पुस/रासस

राजधानीमा जारी दोस्रो संस्करणको नेपाल सुपर लिग फूटबल प्रतियोगितामा झापा एफसीले धनगढी एफसीलाई पराजित गर्दै विजयी भएको छ।

दशरथ रङ्गशालामा भर्खरै सम्पन्न खेलमा झापाले धनगढीमाथि २–० गोलको जीत निकाल्दै विजयी भएको हो। झापाका लागि अञ्जन विष्ट र समिराज ठोकरले गोल गरे। खेलको ५३औं मिनेटमा झापाका कप्तान विष्टले गोल गर्दै आफ्नो टोलीलाई अग्रता दिलाए। उनले छिरिङ लामाको क्रसमा हेड गरेर गोल गरेका थिए।

त्यसैगरी, खेलको ७७औं मिनेटमा झापाका समिराजले गोल गर्दै आफ्नो टोलीको जीत सुनिश्चित गरे। खेलको ७९औं मिनेटमा झापा १० जना खेलाडीमा सीमित भएको थियो। खेलको मध्यान्तरपछि मैदान प्रवेश गरेका धीरज थजालीले साइमन लिम्बूमाथि गरेको फाउलका कारण उनले रातो कार्ड पाएसँगै झापा १० खेलाडीमा सीमित बनेको हो।

यो जीतसँगै झापा सात खेलमा १० अङ्कसहित अङ्कतालिकाको चौथो स्थानमा उक्लिएको छ। त्यस्तै, यो हारसँगै समान सात खेल खेलेको धनगढी १२ अङ्का साथ अङ्कतालिकामा दोस्रो स्थानमा छ।

**अपाङ्गताको आधारमा भेदभाव नगरौं**

अपाङ्गताको आधारमा कसैलाई पनि

- अपमान गर्ने,
- होच्याउने,
- दुर्व्यवहार गर्ने र
- सेवा सुविधाबाट अलग्याउने,

जस्ता कार्य कानूनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं।

- अपाङ्गताको आधारमा गरिने विभेद विरुद्ध खुलेर बोलौं।
- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड